नेपाल सरकार (सचिवस्तर) बाट स्वीकृत
निर्णय मिति: २०७०/८/३०

# घासेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रम संचालन कार्यबिधि २०७०

नेपाल सरकार
कृषि बिकास मन्त्रालय
पशुसेवा बिभाग
पशु उत्पादन निर्देशनालय
राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र

# घाँसेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रम संचालन कार्यबिधि २०७०

## १.पृष्ठभूमि

पशुपालन व्यावसायलाई बढी व्यावसायिक तथा प्रतिस्पर्धी व्यावसायको रुपमा बिकास गर्न उत्पादन लागत घटाउने कार्य प्रमुख चूनौतीको रुपमा रहेको देखिन्छ। खासगरी दुध, मासु, ऊन को उत्पादन लागत घटाउन घाँसमा आधारित पशुपालन अपरिहार्य आवश्यकता हो । यसको लागि उन्नत घांस खेती गर्ने कार्यलाई व्यापकता दिन गुणस्तरीय बीउको आपूर्ति कार्यकम संचालन गर्नु पर्ने हुन्छ।

नेपालमा पशु आहाराको अवस्था शुष्क पदार्थ (डी.एम.) को आधारमा तयार गरिएको तथ्यांकलाई दृष्टिगत गर्दा ३० प्रतिशत अभाब रहेको छ। हालसम्ममा आपूर्ति भईरहेको पशु आहारा पनि गुणस्तरयुक्त पाचनशील पदार्थ नभईकन करिब ६० प्रतिशत पशु आहारा जिवनधान्ने खालको कृषि उपपदार्थहरुमा मात्र आधारित रहेको पाईएको छ। यसैगरी नेपालमा बिभिन्न घाँसेबालीको बीउ उत्पादन तथा बजारीकरण र आयात समेत व्यबस्थित तरीका बाट हुन सकिरहेको छैन, खास गरी नेपालमा हिउदे घाँसेबालीको बीउमा जै, बर्षिम, बर्षे घाँसेबालीको बीउमा टियोसेन्टी, बाजरा, जुनेलो र बहुबर्षिय घाँसेबालीको बीउमा स्टाईलो, ह्वाईट ल्कोभर छिमेकी देश भारत लगायत अन्य देश बाट आयात भैरहेको छ, । आ.ब. २०६७/६८ मा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र द्वारा गरिएको अध्ययनमा घाँसेबाली बीउको आपूर्ति अझसम्म पनि २८.४२ प्रतिशत अभाव रहेको देखिन्छ।

पशुपालनमा व्यावसायिकरणको लागि पशु आहाराको विकास हुनु जरूरी छ । पशु आहाराको लागि घाँसेबालीको बीउ उत्पादन तथा बजारीकरण कार्यलाई पनि व्यबस्थित तरीका बाट संगसंगै लैजानु पर्ने हुन्छ । गुणस्तरीय बीउको प्रयोगले मात्र पनि १५ देखि २५ प्रतिशत सम्म उत्पादन वृद्धि गर्न सकिने तथ्यलाई मध्यनजर राखी गुणस्तरीय बीउको उत्पादनको साथै सुरक्षित संचय एवम् बीउको समुचित उपयोग गरी घाँसेबालीको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने मूलभूत उद्देश्य प्राप्तिमा सघाउ पुर्‍याउने यस कार्यक्रमको मुख्य केन्द्र विन्दु बीउ उत्पादक कृषक समूह/समिति/सहकारी/बीउ विजन कम्पनीहरू हुनेछन् ।

घाँसको बीउको बढ्दो माग लाई आपूर्ति गर्न कृषक समूहहरुलाई परिचालन गरी गुणस्तरीय बीउ उत्पादन कार्यमा संलग्न गराई दिगो र व्यावसायिक रुपमा कमशः बिकास गर्न स्थानीय तथा उन्नत जातको बढी उत्पादन दिने घाँसेबालीको बीउ व्यबस्थित तरीका बाट उत्पादन तथा बजारीकरण गर्नको लागि एउटा कार्यबिधिको आवश्यकता भएको छ । यसैलाई मध्यनजर गरी **"घाँसेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण"** को अबधारणमा आधारित कार्यकम संचालन गरी कार्यकम कार्यान्वयनका लागि यो कार्यक्रम संचालन कार्यबिधि तयार गरिएको छ ।

## २.उद्धेश्यः

- बिभिन्न घाँसेबालीको बीउको राष्ट्रिय आवश्यकता पहिचान गरी सोहि अनुसार स्रोत केन्द्रको बिकास तथा बीउको बढदो माग लाई व्यबस्थित तरीका बाट आपूर्ति व्यबस्था मिलाउन **कृषक समूह□समिति□सहकारी□बीउ विजन कम्पनीहरू** लाई नै परिचालन गरी गुणस्तरीय बीउ उत्पादन तथा बजारीकरण कार्यमा संलग्न गराउने ।
- दिगो र व्यावसायिक रुपमा घाँसेबाली क्षेत्रको बिकास र बिस्तार गरी पशु उत्पादन लागत कम गर्न स्थायी रुपमा सामुदायिक संस्थाहरुको संस्थागत संरचनाको निर्माण गर्ने ।
- आन्तरिक आवश्यकताको मांग र आपूर्ति सन्तुलन गर्ने
- तुलनात्मक रुपमा लाभ हुने खालको घाँसेबालीको बीउ उत्पादन गरी निर्यात प्रबर्द्धन गर्ने ।
- स्थानीय जातको घाँसेबालीको बीउ संरक्षण, सम्बर्द्धन र उपयोग गरी जैबिक स्रोत संरक्षण र सम्बर्द्धन, बिस्तार एबं व्यबसायिकरणमा समेत टेवा पुऱ्याउने ।

## ३. कार्यक्रममा संलग्न निकायहरू र तिनको जिम्मेवारी:

### ३.१ कृषक समूह□समिति□सहकारी:

- गुणस्तरीय बीउ उत्पादन, प्रशोधन, प्रयोगशाला परिक्षण, प्याकेजिङ गरी टयागिङ वा यथार्थ संकेत पत्र लगाई बिक्रि बितरण गर्ने ।
- कार्यबिधिले तोके अनुसार अन्य सबै कार्य गर्नु पर्ने ।

### ३.२ पशु सेवा केन्द्र□उप केन्द्र:

- आफनो कार्य क्षेत्र भित्र कुन कुन जातको बीउ उत्पादन गर्न सकिन्छ सोहि अनुसार कृषक समूह□समिति□सहकारी को पहिचान गरी समूह समिति तथा सहकारी गठन गर्ने कार्यमा आवश्यक सहयोग प्रदान गरी सो को बिबरण दुरूस्त राख्ने ।
- आफनो क्षेत्र भित्र घाँसेबालीको बीउको माग र उत्पादन बिबरण ठिक समयमै संकलन गरी जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।
- बीउ उत्पादन क्षेत्रको अनुगमन कार्य गर्ने र सो को प्रतिवेदन जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

### ३.३ जिल्ला पशु सेवा कार्यालय:

- लक्षित बर्गको माग र आवश्यकतालाई ध्यानमा राखी आवश्यक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने ।
- जिल्ला भित्र संभाव्य उपयूक्त जातको घाँसेको बीउ उत्पादनको लागी कृषक समूह□समिति□सहकारीको पहिचान गरी सहमतीको लागि क्षेत्रीय पशु सेवा निर्देशनालय मार्फत राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा पठाउने ।
- बीउ उत्पादन कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने स्रोत साधन राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको सिफारिसका आधारमा आफनो कार्यक्रममा समाबेश गर्ने ।
- यस कार्यक्रमको योजना तर्जुमा, अनुगमन, तथा मूल्यांकन गर्ने र सो सम्बन्धी अनुसूची १,२,३,४ र ५ बमोजिमको प्रतिवेदन सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालय, क्षेत्रीय बीउ विजन प्रयोगशाला र राष्ट्रिय चरन

तथा पशु आहारा केन्द्रमा मासिक रूपमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

- क्षेत्रीय बीउ विजन प्रयोगशाला/राईजोबियम प्रयोगशाला वा मान्यता प्राप्त अन्य प्रयोगशालाबाट बीउ परिक्षण गर्नको लागि आवश्यक सेवा प्रदान गरी सो को जानकारी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा पठाउने ।
- निजि क्षेत्रका बीउ बिक्रेताहरू संग बीउ खरिद बिक्री को विवरण संकलन गर्ने ।
- जिल्ला भित्र बीउको माग आपूर्ति बिबरण अनुसुचि ६ अनुसार हिउदे घाँसेबालीको हकमा भाद्र १५ गते भित्र, बर्षे घाँसेबालीको हकमा माघ १५ गते भित्र र डाले तथा बहुबर्षिय घाँसेबालीको हकमा बैशाख १५ गते भित्र भरी सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालय मार्फत राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा पठाउने ।

पुनश्च: आफनो स्वीकृत कार्यक्रम अनुसार आवश्यक पर्ने बीउको परिमाणको हकमा स्वीकृत कार्यक्रम प्राप्त गर्नासाथ अनुसुचि ६ अनुसार बिबरण भरी पठाउनु पर्नेछ ।

- श्रोत निर्धारण गरेको स्थान भन्दा बाह्य क्षेत्रको स्रोतबाट बीउ खरिद गर्नु परेमा सो को कारण सहित राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रबाट सहमती लिनु पर्ने ।
- बीउ उत्पादन तथा बजारीकरण कार्यक्रमको अनुगमन, निरिक्षण गर्ने ।

## ३.४ चरन तथा घाँसेबाली बीउ बृद्धि फार्महरू:

- सूचिकृत घाँसेबाली जातहरूको मूल बीउ उत्पादन गर्ने ।
- कृषक समूह/समिति/सहकारी मार्फत बीउ उत्पादनको कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत साधन आफनो कार्यक्रमा समाबेश गर्ने ।
- जिल्ला पशु सेवा कार्यालय अन्तर्गत संचालित बीउ बृद्धि कार्यक्रमको लागि आवश्यक प्राबिधिक सेवा पुऱ्याउने ।
- आवश्यकता अनुसार बीउ उत्पादन क्षेत्रको अनुगमन गर्ने र क्षेत्रीय पशु सेवा निर्देशनालय, क्षेत्रीय बीउ विजन प्रयोगशाला र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा अनुसूचि १,२,३, र ४ बमोजिम प्रतिवेदन अनिवार्य रूपमा पठाउनु पर्नेछ ।
- श्रोत निर्धारण गरेको स्थान भन्दा बाह्य क्षेत्रको स्रोतबाट बीउ उपलब्ध गराउनु परेमा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रसंग समन्वय गरी अन्य स्थानबाट बीउ खरिद गर्न सहमती प्रदान गर्ने ।

## ३.५ राइजोबियम तथा बीउ विजन प्रयोगशाला:

- कृषक समूह□समिति□सहकारी मार्फत बीउ उत्पादनको कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत साधन आफनो कार्यक्रमा समावेश गर्ने ।
- बीउ बाली निरीक्षण तथा परिक्षण गर्ने र सोको प्रतिबेदन राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा पठाउने ।
- बीउ भण्डारण तथा प्रशोधनको निरिक्षण गर्ने ।
- बीउ उत्पादन क्षेत्रको अनुगमन गर्ने ।
- कोशे घांसको जात अनुसार आवश्यक राईजोबियम उत्पादन तथा बितरण गर्ने ।

**३.६ क्षेत्रीय पशु सेवा निर्देशनालय:**

- क्षेत्रीय स्तरमा अनुगमन, मूल्यांकन तथा अन्य आवश्यक सहयोग गर्ने ।
- आफनो क्षेत्र भित्र कुन कुन जातको बीउ उत्पादन गर्न सकिन्छ सोहि अनुसार कृषक समूह□समिति□सहकारीको बिबरणहरू अध्यावधिक गरी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रसंग समन्वय गरी सहमती प्रदान गर्ने ।
- बीउ उत्पादनको कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत साधन राष्ट्रिय चरन तथा पशु आहारा केन्दको सिफारिसका आधारमा जिल्ला पशु सेवा कार्यालयको कार्यक्रममा समावेश गर्नको लागि व्यबस्थापन गर्ने गराउने ।
- आफनो क्षेत्र भित्रका बीउको माग र आपूर्तिको बिबरण अध्यावधिक गरी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा पठँउने ।
- श्रोत निर्धारण गरेको स्थान भन्दा बाह्य क्षेत्रको स्रोतबाट बीउ उपलब्ध गराउनु परेमा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रसंग समन्वय गरी अन्य स्थान बाट बीउ खरिद गर्न सहमती प्रदान गर्ने ।

**३.७ क्षेत्रीय बीउ विजन प्रयोगशाला:**

- बीउ बाली निरीक्षण, नमूना संकलन, परिक्षण तथा प्रमाणिकरण गर्ने र प्रतिबेदन दिने ।
- बीउ भण्डारण तथा प्रशोधनको निरीक्षण गर्ने ।
- बीउ उत्पादन क्षेत्रको अनुगमन गर्ने ।

**३.८ चरन तथा घाँसेबाली अनुसन्धान महाशाखा:**

- विभिन्न भौगोलिक क्षेत्रमा उपयुक्त हुने घाँसेबालीका स्थानीय तथा उन्नत जातहरूको अनुसन्धान र विकास गर्ने ।
- बीउ उत्पादन कार्यको लागि भौगोलिक क्षेत्र अनुसार सिफारीस गरिएका घँासेबालीहरूको विवरण राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रलाई उपलब्ध गराउने ।

- राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रसंग समन्वय गरी माग अनुसारको स्रोत बीउ उपलब्ध गराउने र सो को लागि आवश्यक कार्यक्रम तथा स्रोत साधनको व्यवस्था मिलाउने ।
- कृषि अनुसन्धान परिषद अन्तरगत रहेका सम्बन्धित क्षेत्रीय निकायसंग समेत समन्वय गरी नियमित रूपमा बीउ उत्पादन क्षेत्रको निरीक्षण तथा नियमन कार्य गर्ने गराउने ।
- उत्पादित स्रोत बीउको बिबरण राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा पठाउने ।
- स्रोत बीउ उत्पादन तथा घाँसेबालीको उत्पादन परिक्षणको लागि चरन तथा घाँसेबाली बीउ बृद्धि फार्महरूसंग साझेदारी गर्ने ।

**३.९ राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रः**

- बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, पशु उत्पादन निर्देशनालय, क्षेत्रीय पशु सेवा निर्देशनालय, चरन तथा घाँसेबाली अनुसन्धान महाशाखा, स्रोत केन्द्र तथा जिल्ला पशु सेवा कार्यालयहरूसंग समन्वय गरी बीउ उत्पादनका लागि छनौट गरिएका क्षेत्र र कृषक समूह/समिति/सहकारी को बिबरण अध्यावधिक गरी सहमती प्रदान गर्ने ।
- बीउ उत्पादनको कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत साधनको बांडफांड गरी आवश्यकतानुसार आफनो कार्यक्रममा समेत समाबेश गर्ने ।
- बीउ उत्पादन गर्ने स्रोत केन्द्रहरूलाई आवश्यक पर्ने स्रोत बीउ उपलब्ध गर्ने, गराउने ।
- बीउ उत्पादन तथा बजारीकरण सम्बन्धि नियमन, अनुगमन तथा मूल्यांकनको व्यवस्था मिलाउने र सो को प्रतिवेदन सम्बन्धित निकायमा अनिवार्य रूपमा पठाउने ।
- राष्ट्रिय स्तरको बीउको माग र आपूर्ति बिबरण दुरूस्त राखी जिल्लाको माग अनुसारको बीउको स्रोत निधारण निम्न अनुसार हुने गरी समयमानै गर्ने ।
    - हिउदे घाँसेबालीः भाद्र मसान्त भित्र ।
    - बर्षे घाँसेबालीः माघ मसान्त भित्र ।
    - बहुबर्षिय घाँसेबालीः बैशाख मसान्त भित्र ।
- बीउको मुल्य निर्धारण गर्ने गराउने ।
- स्रोत केन्द्रबाट बीउ उपलब्ध हुन नसकिने अवस्थामा आवश्यक वैकल्पिक व्यवस्था मिलाउने ।
- बीउ उत्पादन तथा बजारीकरण कार्यको लागि आवश्यक पर्ने बजेट कार्यक्रम प्रस्ताव गर्ने ।
- अनुगमन, मूल्यांकन तथा अन्य आवश्यक कार्य गर्ने ।
- सरोकारवाला सबैको प्रतिनिधित्व हुने गरी संयूक्त रूपमा अनुगमनको ब्यबस्था गर्ने ।

### ३.१० पशु उपादन निर्देशनालय:

- कार्यक्रम संचालनको लागि समन्वय तथा सहजकर्ताको भुमिका निर्बाह गर्ने ।
- बीउ उत्पादनको लागि बजेट तथा कार्यक्रम तय गर्न आवश्यक सहयोग गर्ने गराउने ।
- नियमन तथा अनुगमन गर्ने गराउने ।

### ३.११ बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र:

- बीउ गुणस्तर नियन्त्रण सेवा संचालनको लागि प्राबिधिक सेवा उपलब्ध गर्ने, गराउने र आवश्यक कार्यक्रम समावेश गर्ने ।
- बीउ उत्पादनको नियमन, बीउ बाली निरीक्षण, बीउ नमूना संकलन, बीउ परिक्षण, प्रमाणीकरण, बीउ भण्डार निरीक्षण तथा बीउ बजार अनुगमन निरिक्षणको लागि क्षेत्रीय बीउ विजन प्रयोगशाला तथा राईजोबियम तथा बीउ विजन प्रयोगशालासंग समेत आवश्यक समन्वय गर्ने गराउने ।

### ३.१२ राष्ट्रिय बीउ विजन समिति:

- स्थानीय तथा उन्नत जातहरूको सूचिकृत गर्ने प्रकृयामा सहयोग गर्ने ।
- घाँसेबाली बीउ उत्पादन कार्यको लागि आवश्यक पर्ने मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने ।
- बीउ विजन नीति सम्बन्धि सेवा प्रदान गर्ने ।
- स्रोत बीउको समन्वय बीउ विजन वासलात तयार गर्ने ।
- अनुगमन र निरीक्षण गर्ने गराउने ।

४. यस कार्यबिधि अनुसार घाँसेबाली सम्वन्धी कार्यक्रम संचालन गर्दा कृषकहरूको रूचि अनुसार नेपालमा बढी प्रचलनमा आएका घाँसेबालीहरूलाई प्राथमिकता दिनुपर्ने छ । त्यस्ता मुख्य मुख्य घाँसेबालीहरू अनुसूचि ८ बमोजिम हुनेछन् ।

### ५. कार्यक्रम संचालनको लागि जिल्ला छनौट गर्ने प्रक्रिया :

- सकेसम्म धेरै जिल्लाहरूको लागि पायक पर्ने र सडक सुविधा भएको जिल्लालाई बढी प्राथमिकता दिनुपर्नेछ ।
- कम्तीमा १ भन्दा बढी बालीको बीउ उत्पादन हुन सक्ने ।
- कुनै खास बीउको लागी उपयूक्त ठहरिएका विशेष क्षेत्र ।

## ६. कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने कार्यविधि :

राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले तोकेको भौगोलिक क्षेत्र अनुसार कार्यक्रम संचालन गर्न तोकिएका जिल्लाका जिल्ला पशु सेवा कार्यालयले निम्न बमोजिम जिल्लामा **कृषक समूह□समिति□सहकारी** छनौट गरी कार्यक्रम संचालन गर्नु पर्नेछ । जिल्ला पशु सेवा कार्यालयलले बीउ उत्पादक कृषक समूहको हकमा उपयुक्त र आवश्यकता भएमा बाली अनुसार एक देखी तीन वटा सम्म समूह गठन गर्न सक्नेछ ।

(क) स्रोत बीउको आपूर्ती सुनिश्चित गर्नका लागी प्रत्येक विकास क्षेत्रबाट कम्तीमा तीन जिल्लालाइ स्रोत केन्द्रका रुपमा विकास गर्ने तर आवश्यकता, संम्भाब्यता र भौगोलिक क्षेत्र हेरी यो संख्या घटबढ गर्न सकिनेछ ।

(ख) कृषक समूह□समिति□सहकारी विधिवत रूपमा सम्बन्धित निकायमा वा जिल्ला पशु सेवा कार्यालयमा दर्ता भएको हुनुपर्ने छ । जिल्ला पशु सेवा कार्यालय बाहेक अन्य सम्बन्धित निकायमा दर्ता भएको भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी जिल्ला पशु सेवा कार्यालयमा पेश गर्नु पर्ने छ ।

(ग) कृषक समूहको हकमा कम्तीमा १० जना सदस्य हुनुपर्नेछ ।

(घ) बीउ उत्पादक कृषक समूह गठन गर्दा सम्भाव्यताको आधारमा महिला, दलित, न्यून आयस्रोत भएका सिमान्तकृत समूह, यूवा जस्ता समूहहरूलाई प्रथमिकता दिनुपर्नेछ, तर यस्तो समूहमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागीता हुनु पर्ने छ । यसै गरी समिति□सहकारी को हकमा पनि सोहि बमोजिम महिला प्रतिनिधित्व भएको समिति□सहकारीलाई प्राथमिकता दिनुपर्नेछ ।

(ङ) कृषक समूह□समिति□सहकारी व्यावसायिक भै सकेको वा व्यवसायोन्मुख हुनुपर्नेछ ।

(च) बीउ बृद्धिबाट उत्पादित घासको बीउको बजार व्यवस्था कृषक समूह□समिति□सहकारी आफैले गर्नु पर्नेछ । तर यस सम्वन्धी अन्य आवश्यक सहयोग सम्बन्धित निकायबाट हुनेछ ।

(छ) बीउ वृद्धिमा संलग्न कृषकहरूले बीउ उत्पादन प्रविधि अनुसार नै बीउ उत्पादन कार्य गर्नु पर्नेछ ।

(ज) आफ्नो वा छिमेकी जिल्लाहरूको माग बमोजिमका घाँसेबालीका जातहरूमा बीउ बृद्धि कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(झ) एक वा एक भन्दा बढी घाँसेबाली बीउ बृद्धि कार्यक्रममा सहभागी हुनुपर्नेछ ।

(ञ) बार्षिक आय-व्ययको हिसाव स्पष्टसंग राख्नु पर्नेछ ।

(ट) वाली लगाउने समय सम्म उत्पादित बीउ भण्डारण गर्न सक्नु पर्नेछ ।

(ठ) एउटा कृषक समूह/समिति/सहकारीले तराईमा कम्तीमा ४ हेक्टर, पहाडमा कम्तीमा २ हेक्टर र उच्च पहाडमा कम्तिमा १ हेक्टर मा बीउ बृद्धि संचालन गर्नु पर्नेछ ।

(ड) संभव भएसम्म स्रोत बीउबाट नै बीउ बृद्धि सम्वन्धी कार्यक्रम संचालन गर्नु पर्नेछ । स्रोतबीउ प्राप्त गर्न नसकिएको अवस्थामा ***चरन तथा घांसे बाली अनुसन्धान महाशाखाले*** सिफारिश गरे अनुसारका जातका बीउ बृद्धि कार्यक्रम संचालन गर्नु पर्नेछ ।

(ढ) एउटा समूहले मात्र बीउ बृद्धि कार्यक्रम संचालन गर्न नसकेको खण्डमा नजिकको २।३ समूह मिलेर पनि यस्तो कार्यक्रम संचालन गर्न सकिनेछ तर त्यस्तो अवस्थामा दिईने सुविधाहरू एउटै समूहको हिसावले दिइनेछ ।

(ण) बीउ बृद्धि गर्ने कृषक समूह/समिति/सहकारीलाई बीउ कोषको रकम अनुदान दिनु अघि अनूसूचि १ अनुसारको बीउ बृद्धि कृषक समूह/समिति/सहकारीको विवरण र अनुसूचि २ अनुसारको सम्बन्धीत कृषक समूह/ समिति/सहकारीले जिल्ला पशु सेवा कार्यालयसंग गरेको सम्झौता पत्र सम्बन्धित क्षेत्रीय पशु सेवा निर्देशनालय मार्फत राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र लाई जिल्ला पशु सेवा कार्यालयले अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(त) जिल्ला पशु सेवा कार्यालय बाहेक पशु सेवा बिभाग अन्तरगत अन्य सम्बन्धित निकायले यस्ता कार्यक्रम संचालन गर्नु पर्ने भएमा यसै कार्यविधि अनुसार संचालन गर्न सक्नेछ

(थ) विनियोजित रकमको सीमा भन्दा बढी हुनेगरी धेरै कृषक समूहको प्रतिस्पर्धा भएमा कृषक समूहको संस्थागत अवस्था तथा बढी क्षेत्रफल र बालीमा बीउ बृद्धि गर्ने कृषक समूहलाई प्राथमिकता दिइनेछ ।

उपयुक्त बमोजिमका शर्त पालना गर्ने समूह/समिति/सहकारीलाई आवश्यकता र समूहको स्थिति हेरी कार्यक्रम संचालन गर्न बीउ कोष लगायत आर्थिक नर्म्सले तोके अनुसारका अन्य सहयोग प्रदान गरिनेछ ।

## ७. बीउ कोष परिचालन गरिने कार्यहरू:

कृषक समूह□समिति□सहकारीले बीउ किोष परिचालन निम्न अनुसारको कार्यमा गर्न सकिनेछ । तर यस्तो कोषबाट परिचालित रकम सम्वन्धित कृषक समूह□समिति□सहकारीले बीउ बिक्रिको परिमाणको आधारमा कृषकहरू बाट नै सोधभर्ना हुने गरी बीउ बिक्रि पश्चात् तुरून्त बीउ कोष मा दाखिला गर्नु पर्नेछ:

### ७.१ मल खरिद तथा बीउ खरिद बिक्रि सम्बन्धी कार्यहरू:

मल खरिद, स्रोत बीउ खरिद तथा बीउ उत्पादन गरी तुरून्त बेच्नु पर्ने स्थिति भएका कृषकहरूको बीउ खरिद गरी भण्डारण गरी राख्ने कार्यहरूमा बीउ कोष को रकम परिचालन गर्न सकिनेछ ।

### ७.२ प्याकेजिङ मेटेरियल सम्बन्धी कार्यहरू:

गुणस्तर बीउलाई सुरक्षित किसिमले भण्डारण गरी बिक्रि बितरण गर्नका लागी सजिलो बनाउन प्लाष्टिक□जुटका बोरामा भण्डारण गर्ने सामाग्रीहरू खरिद गर्न बीउ कोष को रकम परिचालन गर्न सकिनेछ ।

### ७.३ बीउ परिक्षण, टयागिङ सम्बन्धी कार्यहरू:

बीउ परिक्षण, टयागिङ आदी जस्ता नगरी नहुने कार्यहरूको लागी बीउ कोष को रकम परिचालन गर्न सकिनेछ ।

### ७.४ बीउ ढुवानी सम्बन्धी कार्यहरू:

बीउ उत्पादन स्थलबाट भण्डारण स्थलसम्म ढुवानी गर्न बीउ कोष को रकम परिचालन गर्न सकिनेछ ।

### ७.५ बीउ भण्डारण सम्बन्धी कार्यहरू:

कृषक समूह□समिति□सहकारीले उत्पादित बीउ भण्डारणको लागी गोदाम भाडामा लिन आवश्यकता भएमा सम्बन्धित प्राबिधिकको सिफारिशको आधारमा बीउ कोष को रकम परिचालन गर्न सकिनेछ । गोदाम भाडामा लिदा गोदाम कार्यका लागि उपयुक्त हुने नेपाल कृषि सामग्री कम्पनी, साझा संस्था, बीउ वीजन कम्पनी अन्य सरकारी□गैर सरकारी संस्थाहरूको खाली गोदामहरू वा सो नभएमा मात्र व्यक्ति विशेषको घर□कोठालाई प्रयोग गर्न सकिनेछ ।

### ७.६ अन्य कार्यहरू:

माथि उल्लेखित शीर्षक अन्तर्गत पर्ने वाहेकका तर बीउ बृद्धिसंग सम्बन्धित अन्य कार्यहरू गर्नुपर्ने अवस्थामा कृषक समूह□समिति□सहकारीले घाँसेबाली तथा बीउ बृद्धि फार्म तथा जिल्ला पशु सेवा कार्यालयको स्वीकृती लिनुपर्नेछ ।

**८. गुणस्तरीय बीउको प्रचार प्रसार कार्यहरू:**

गुणस्तरीय बीउको महत्व, उपलब्ध हुने स्रोत, परिमाण, जात आदिको बारेमा पम्पलेट रेडियो, टि.भि., टेलिफोन, चिठ्ठीपत्र, अबलोकन आदिबाट आवश्यकता अनुसार प्रचार प्रसार सूचना प्रवाह गर्न जिल्ला पशु सेवा कार्यालय,राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र क्षेत्रीय पशु सेवा निर्देशनालयले सहयोग पुऱ्याउनेछ ।

कृषक समूह□समिति□सहकारीको संस्थागत संरचना सुदृढिकरण अन्तरक्रिया, गोष्ठी गुणस्तरीय बीउको महत्व, बीउ उत्पादन प्रविधि, बजारीकरण, योजना तर्जुमा एवंम बीउवृद्धि कार्यक्रमलाई व्यावसायिक बनाउने कार्यमा अभिप्रेरित गराउने लगायत संस्थागत संरचना सुदृढीकरण गराउन कृषक समूह□समिति□सहकारीहरूले अन्तरक्रिया गोष्ठी संचालन गर्न सक्नेछन् ।

(क) यस्तो गोष्ठी क्षेत्रीय बीउ विजन प्रयोगशाला, जिल्ला पशु सेवा कार्यालय, कृषक समूह□समिति□सहकारीहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सल्लाह र सहयोगमा आयोजन गर्ने ।

(ख) गोष्ठी सकेसम्म बीउ बृद्धि क्षेत्रमा नै संचालन गर्नुपर्ने ।

(ग) यस्तो गोष्ठीमा बीउ विजन गुणस्तर नियान्त्रण केन्द्र, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र, क्षेत्रीय पशु सेवा निर्देशनालय, चरन तथा घाँसेबाली अनुसन्धान महाशाखा, क्षेत्रीय बीउ विजन प्रयोगशाला, चरन तथा बीउ बृद्धि फार्म, राईजोबियम तथा बीउ विजन प्रयोगशाला, जिल्ला पशु सेवा कार्यालय, तथा सम्बन्धित कृषक समूहका सदस्य, कृषक समिति, सहकारीका प्रतिनिधि, बीउ व्यापारी तथा अन्य सरोकारवाला आदिको सहभागिता हुनु पर्नेछ ।

(घ) यस्तो गोष्ठीको लागि आवश्यक पर्ने बजेट चरन तथा बीउ बृद्धि फार्म तथा जिल्ला पशु सेवा कार्यालयले आफनै कार्यक्रम बाट खर्च हुने गरी राख्नु पर्नेछ । तर क्षेत्रीय स्तर तथा केन्द्रियस्तरमा यस्ता गोष्ठीको संचालन गर्नु परेमा क्षेत्रीय स्तरमा क्षेत्रीय पशु सेवा निर्देशनालय र केन्दियस्तरमा राष्ट्रिय चरन तथा पशु आहार केन्द्रले आफनो कार्यक्रममा समाबेश गर्नेछ ।

**९. तालीम:**

कार्यक्रम कार्यान्वयनको लागि कृषक, उद्यमी, प्राबिधिक कर्मचारीहरूलाई आवश्यकता अनुसार तालिम प्रदान गर्न बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले आ आफनो कार्यक्रममा समाबेश गर्नु पर्नेछ । बीउ विजन गुणस्तर नियन्त्रणँ केन्द्र वा पशु सेवा तालीम तथा प्रसार निर्देशनालय□रा यस्तो तालीम प्रदान गरीनेछ । योजना तर्जुमा र बीउ बाली निरिक्षण सम्वन्धी कार्य गर्न यस किसिमको तालीम प्राप्त कर्मचारीलाई  जिम्मेवारी दिनु पर्नेछ ।

**१०. बीउ खरीद सम्झौता:** कुनै पनी ब्यक्ती, संघ, संस्था तथा कार्यालयले आफुलाई आवश्यक पर्ने बीउ, बीउ उत्पादक संग बीउ उत्पादन गर्न लगाई खरीद गर्न पर्ने भएमा अनुसूचि ९ अनुसार संम्झौता गर्न सकिने छ ।

**११. घाँसेबाली खेती गर्दा आवश्यक पर्ने बीउ तथा मल :** घांस तथा बीउ उत्पादनको लागि घाँसेबाली खेती गर्दा आवश्यक पर्ने बीउ तथा मल अनुसुची १० मा रहेको चरन तथा घासेवाली उत्पादन बार्षिक कार्य तालिका अनुसार हुनेछ ।

**१२. कार्यक्रम संचालन आर्थिक नर्मस:** कार्यक्रम संचालनको कृषक समुह□समिति□सहकारीले कार्यबिधिमा उल्लेख गरेका कार्यबिधि पुरा गरेमा निम्न अनुसार हनेगरी अनुदान दिन सकिने छ ।

**तपसिल**

## घाँसेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यबिधि कार्यक्रम कार्यान्वयनको लागि प्रस्तावित अर्थिक नर्मस्

| क.सं. | कार्यक्रम | प्रस्तावित अर्थिक नर्मस् | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | घांसेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रम | १.बीउ बृद्धि कार्यक्रमको बीउ कोष स्थापनाको लागि एक पटक मात्र रु. १,००,०००।- एक लाख सम्म दिन सकिने तर कृषक समूह/समिति/सहकारीले अनुदान बराबरको रकम जम्मा गरे पछी मात्र सो रकम उपलब्ध गराउने ।<br><br>२. बीउ उत्पादनमा प्रयोग हुने स्रोत बीउको मूल्यमा ५० प्रतिशत र ढुवानीमा (स्थल मार्गबाट) स्थानीय दररेट अनुसारको लागतमा शतप्रतिशत अनुदान दिन सकिने ।<br><br>३. बीउको लागि आबश्य पूर्बाधारहरु घर निर्माणमा रु ३ लाख थ्रेसिङ्ग फ्लोर निर्माणमा रु १ लाख र यन्त्र/उपकरणमा रु १ लाख सम्म एक कृषक समूह/समिति/सहकारीलाई एक पटक मात्र अनुदान दिन सकिने ।<br><br>४. उपयूक्त सबै कार्यक्रमहरु बिनियोजित वजेट र स्विकृत कार्यक्रमको परीधि भित्र रही संचालन गर्नु पर्ने छ । | • कृषि बिभाग अन्तरगत बाली बिकास निर्देशनालयको बाली बिकास कार्यक्रम संचालन गर्ने कार्यबिधि तथा निर्देशिकाको जिल्ला स्तरीय बीउ विजन आत्म निर्भर कार्यक्रम ०५७/५८ तथा परीमार्जित आर्थिक नर्मस् ( अर्थ मन्त्रालयको मिती ०६९।१।१४ सहमति अनुसार नेपाल सरकार सचिब स्तरको मिति ०६९।१।२५ निर्णय) अनुसार हुने गरी प्रस्ताब गरीएको । |

## अनुसुची १ :

## बाली लगाउनु अगावै जिल्ला पशु सेवा कार्यालय अथवा..........फार्म.................ले भर्नुपर्ने बीउ बृद्धि कृषक समूह समिति सहकारीको विवरण

१. बीउवृद्धिमा संलग्न कृषक समूह समिति सहकारीको नाम :

२. ठेगाना :

३. कृषक समूह समिति सहकारीमा रहेका कृषकहरूको संख्या : महिला : पुरुष: कुल:

४. कृषक समूह समिति सहकारीको प्रकृति (बहुउद्देश्यीय एकल) :

५. कृषक समूह समिति सहकारीले विगतमा संचालन गरेका गतिविधिहरू :

क)

ख)

ग)

६. बीउ बृद्धिमा संचालन गर्न शुरू गरेको मिति :

(क) घाँसेबालीहरू :

(ख) घाँसेबालीका जातहरू :

७. कृषक समूह□समिति□सहकारीको बीउ बृद्धि को पूंजी :

८. कृषक समूह□समिति□सहकारीको आम्दानीको स्रोत :

९. कृषक समूह□समिति□सहकारीको वैधानिकता : (जि.कृ.वि.का.मा दर्ता□जिल्ला पशु सेवा कार्यालय मा दर्ता□सहकारीमा दर्ता□धरेलुमा दर्ता□जि.प्र.का. दर्ता□अन्य केही भए खुलाउने:

१०. कृषक समूह□समिति□सहकारीको आर्थिक कारोवारसंग सम्बन्धित व्यक्तिहरू :

११. कृषक समूह□समिति□सहकारीको बेंक खाता संचालन भए नभएको :

क) भएको भए बैंकको नाम ठेगाना:

ख) खाताको किसिम: चल्ती□बचत□मुद्धती□....:

ख) खाता नं.

ग) बैंक मौज्दात :

१२. कृषक समूह□समिति□सहकारीमा बीउ उत्पादन प्रविति बारे ज्ञान भएका कृषकहरूको संख्या र नाम :

१३. गत वर्षको बीउ उत्पादन र बिक्रीको वासलात :

| घाँसेबाली को नाम | जात | लगाईएको क्षेत्रफल | उत्पादन | बीउको रूपमा विक्री | | | पशु आहाराको रूपमा प्रयोग | बीउको रूपमा स्टक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूह भित्र | समूह बाहिर | जिल्ला बाहिर | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१४. यस आ.ब................................ मा कृषक समूह□समिति□सहकारीले संचालन गर्ने बीउ बृद्धि कार्यक्रमको विवरण :

१४.१ ..............नामको घाँसेबालीको बिउ उत्पादन बिबरण

| सि.नं | कृषकहरूको नाम□ठेगाना | जात | क्षेत्रफल | लगाइने बीउको स्तर | लगाइने बीउको स्रोत | अनुमानित बीउ उत्पादन परीमाण | तालिम पाए□नपाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

उत्पादित बीउको हुनसक्ने अनुमानित खपत :

क) कृषक समूह□समिति□सहकारी भित्र :

ख) कृषक समूह□समिति□सहकारी बाहिर :

ग) जिल्ला बाहिर :

१४.२ ..............नामको घासेबालीको बिउ उत्पादन बिबरण

| सि.नं | कृषकहरूको नाम□ठेगाना | जात | क्षेत्रफल | लगाइने बीउको स्तर | लगाइने बीउको स्रोत | अनुमानित बीउ उत्पादन परीमाण | तालिम पाए□नपाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

उत्पादित बीउको हुनसक्ने अनुमानित खपत :

क) कृषक समूह□समिति□सहकारी भित्र :

ख) कृषक समूह□समिति□सहकारी बाहिर :

ग) जिल्ला बाहिर :

स्पष्टिकरण: बुदा १४ अनुसारको छुट्टा छुट्टै जातको बिबरण क्रमस छुट्टा छुट्टै भर्नु पर्ने छ ।

कृषक समूह□समिति□सहकारीको प्रतिनिधिको :
नाम :

जिल्ला पशु सेवा कार्यालय□फार्म□केन्द्र को सम्बन्धित अधिकृतको
नाम :

| | |
|---|---|
| पद : | पद : |
| हस्तारक्षर : | हस्तारक्षर : |
| मिति : | मिति : |

## अनुसूची २

### घाँसेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रममा आबद्ध हुन चाहने बीउ बृद्धि कृषक समूह□समिति□सहकारीको सम्झौता पत्र

संलग्न अनुसूची १ अनुसारको विवरण भएका कृषक समूह□समिति□सहकारी…………………

………………………………………जिल्ला पशु सेवा कार्यालय□……….फार्म□…………………..केन्द्र ……………………संग घाँसेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रम अन्तरगतको कार्यक्रममा आवद्ध हुनका लागी पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र द्वारा प्रकाशित घांसे बालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रम अन्तर्गतको कार्यक्रम कार्यान्वयन कार्यबिधि अनुसार काम गर्न मञ्जुर भई यो सम्झौता पत्र दिएका छौ । सो अनुसार नभएमा कानून अनुसार सहुंला बुझाउंला भनी संस्थाका तर्फबाट हामी तपशीलका व्यक्तिहरूले जिल्ला पशु

सेवा कार्यालय ...................................का अधिकृत प्रतिनिधिको नाम ....................................................... (पद) ..........................को रोहवरमा हस्ताक्षर गरेका छौ ।

**<u>तपशील :</u>**

कृषक समूह□समिति□सहकारी को तर्फ बाट

| | | | |
|---|---|---|---|
| १) | अध्यक्ष : | नाम : | हस्ताक्षर : |
| २) | सचिव : | नाम : | हस्ताक्षर |
| ३) | कोक्षाध्यक्ष : | नाम : | हस्ताक्षर |

**<u>रोहवर :</u>**

जिल्ला पशु सेवा कार्यालय□फार्म□केन्द्रका प्रतिनिधिको :

नाम :

पद :

हस्ताक्षर :

मिति :

अनुसूची ३

बालि लगाई सकेपछी भर्नु पर्ने फाराम

## घाँसेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रम को उत्पादन सम्बन्धी विवरण

कृषक समूह/समिति/सहकारीको नाम: ठेगाना : घाँसेबालीको नाम :

| सदस्यहरूको नाम | कार्यक्रम संचालन क्षेत्रको ठेगाना | बीउको स्रोत | लगाईएको बीउको स्तर | जातहरू | क्षेत्रफल | बीउ छरेको/ रोपेको मिति | माटो परिक्षण गराए/ नगराएको | मलखाद दर प्रति हे. कम्पोष्ट/ रासायनिक | बीउ बेचविखनको गरिएका प्रयासहरू |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने : प्रमाणित गर्ने

कर्मचारी को नाम: कार्यालय प्रमुख को नाम :

दस्तखत: दस्तखत:

मिति : मिति :

अनुसूची ४

बाली उत्पादन गरी भण्डारण गरीसके पछी भर्नु पर्ने फाराम

## घाँसेबालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रम को उत्पादन, बिक्री एवं स्टक विवरण

कृषक समूह/समिति/सहकारीको नाम:

ठेगाना: घाँसेबालीको नाम :

| क्र.सं. | कृषकको नाम | ठेगाना | बीउको स्रोत | उत्पादित बीउको स्तर | जात | लगाइएको क्षेत्रफल | उत्पादन | बीउको रूपमा | | पशु आहाराको रूपमा प्रयोग/विक्री | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | विक्री भएको परिमाण | मौज्दान परिमाण | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने : प्रमाणित गर्ने

कर्मचारी को नाम: कार्यालय प्रमुख को नाम :

दस्तखत:　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　दस्तखत:

मिति :　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　मिति:

अनुसूची ५

बाली उत्पादन गरी भण्डारण गरीसके पछी भर्नु पर्ने फाराम

**नेपाल सरकार**

**कृषि विकास मन्त्रालय**

**पशु सेवा विभाग**

**पशु उत्पादन** निर्देशनालय

**राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र**

**हरिहरभवन, ललितपुर**

बीउ उत्पादन बिक्री वितरण तथा स्टक सम्बन्धी विवरण

जिल्ला :..............................　　घासेबालीको नाम : ........................................................　　आ.ब. ..............................

| क्र.सं. | कृषक समूह□समिति□सहकारीको नाम र ठेगाना | सदस्य संख्या | | | हितकोष रकम (रू.) | उत्पादन क्षेत्रफल (हे.) | घासको जात | बीउको स्रोत | बीउको स्तर | बीउ उत्पादन | बीउ विक्री वितरण | | पशु आहारामा प्रयोग भएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | | | | | | | जिल्ला भित्र | जिल्ला बाहिर | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

नोट :

१) छुट्टाछुट्टै घासेबालीको फर्मेट छुट्टाछुट्टै भरी पठाउनु पर्नेछ ।

२) बीउ उत्पादन गुणस्तर नियन्त्रण एवं वजार व्यवस्थापन बारे केही समस्या तथा राय सुझाव भए अलग्गै पानामा उल्लेख गरी पठाउने ।

३) जिल्लाहरूबाट प्राप्त हुने समूहहरूको उल्लेखित विवरणको आधारमा विश्व खाद्य दिवस समारोहमा उत्कृष्ट ठहरिएका समूहहरूलाई पुरस्कृत गरिनेछ ।

तयार गर्ने :　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　प्रमाणित गर्ने

कर्मचारीको नाम: कार्यालय प्रमुख को नाम :

दस्तखत: दस्तखत:

मिति : मिति

अनुसूची ६

नेपाल सरकार
कृषि विकास मन्त्रालय
पशु सेवा विभाग
पशु उत्पादन निर्देशनालय
**राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र**
हरिहरभवन, ललितपुर

## घांसे बालीको व्यावसायिक बीउ उत्पादन तथा बजारीकरण कार्यक्रमको घासेबालीको उत्पादन, माग र आपूर्ति बिबरण

| क.सं. | घासेबालीको नाम | आवश्यकता | | | आपूर्ति | | | एग्रो भेट□सिड कम्पनी | | कार्यक्रम बजेट रू हजारमा | कुल कार्यक्रम बजेटको प्रतिशत | घासेबालीले ढाक्ने क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्लाको कार्यक्रम भित्र | कार्यक्रम भन्दा बाहिर | जम्मा | जिल्ला भित्र | सरकारी फार्म | अन्य स्रोत..... | आन्तरीक उत्पादन | अन्य मुलुक | | | |
| क | हिउदे | | | | | | | | | | | |
| १ | जै | | | | | | | | | | | |
| २ | बर्षिम | | | | | | | | | | | |
| ३ | भेच | | | | | | | | | | | |
| | ..... | | | | | | | | | | | |
| | ....... | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

| क.सं. | घाँसेबालीको नाम | आवश्यकता | | | आपूर्ति | | | एग्रो भेट□सिड कम्पनी | | कार्यक्रम बजेट रू हजारमा | कुल कार्यक्रम बजेटको प्रतिशत | घाँसेबालीले ढाक्ने क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ख | **बर्षे** | | | | | | | | | | | |
| १ | **टियोसेन्टी** | | | | | | | | | | | |
| २ | **बाजरा** | | | | | | | | | | | |
| ३ | **सुडान** | | | | | | | | | | | |
| | ...... | | | | | | | | | | | |
| | ...... | | | | | | | | | | | |
| ग | **बहुबर्षिय** | | | | | | | | | | | |
| | (स्टाईलो, , , | | | | | | | | | | | |
| | मोलासेस | | | | | | | | | | | |
| | ज्वाईन्ट भेच | | | | | | | | | | | |
| | क्लोभर, | | | | | | | | | | | |
| | पास्पालम | | | | | | | | | | | |
| | नेपीयर | | | | | | | | | | | |
| | सेटेरीया | | | | | | | | | | | |
| | ....... | | | | | | | | | | | |
| | ......... | | | | | | | | | | | |

तयार गर्नेः

प्रमाणित गर्ने

अनुसूची ७

बीउ बिक्री बितरणमा हुनु पर्ने न्यूनतम मापदण्डहरू (०६३।५।२९ गुणस्तर निर्धारण तथा व्यबस्था उपसमितिको निर्णय अनुसार पारीत) Forage seeds को Truthful Label

| **S.N.** | **Name of Forage Crops** | | **Purity % Minimum** | | **Germination % Minimum** | | Remarks |
|---|---|---|---|---|---|---|---|
| | Common Name | Botanical Name | CS* | TL | CS* | TL | |
| 1 | Berseem | *Trifolium alexandrinum* | 98 | 97 | 80 | 80 | |
| 2 | Oat | *Avena sativa* | 97 | 98 | 85 | 85 | |
| 3 | Kote | *Medicago falcata* | 98 | 97 | 80 | 80 | |
| 4 | Dinanath | *Pennisetum pedicilatum* | 95 | 94 | 50 | 50 | |
| 5 | Sorghum | *Sorghum bicolor* | 97 | 97 | 75 | 75 | |
| | | *Sorghum sudanense* | 97 | 97 | 75 | 75 | |
| | | *Sorghum vulgare* | 97 | 97 | 75 | 75 | |
| 6 | Guinea Grass | *Panicum maximum* | 70 | 70 | 20 | 20 | |
| | | *Panicum colaratum* | 70 | 70 | 20 | 20 | |
| 7 | Stylo | *Stylosanthes guyanensis* | 90 | 90 | 45 | 45 | |
| | | *Stylosanthes hamata* | 90 | 90 | 45 | 45 | |
| 8 | Teosinte | *Euchleana maxicana* | 98 | 98 | 80 | 80 | |
| 9 | Setaria Grass | *Setaria anceps* | 60 | 60 | 40 | 40 | |
| 10 | White Clover | *Trifolium repens* | 93 | 93 | 65 | 65 | |
| 11 | Rye Grass | *Lolium multiflorum* | 97 | 95 | 65 | 65 | |
| | | *Lolium perenne* | 97 | 95 | 65 | 65 | |
| 12 | Cowpea | *Vigna sinensis* | 98 | 98 | 70 | 70 | |
| 13 | Cocksfoot | *Dactylis glomerata* | 80 | 80 | 60 | 60 | |
| 14 | Ipil ipil | *Leuchaena leucocephala* | 98 | 98 | 60 | 60 | |
| | | *Leuchaena diversifolia* | 98 | 98 | 60 | 60 | |
| 15 | Molasses | *Melinis minutiflora* | 40 | 40 | 30 | 30 | |
| 16 | Paspalum | *Paspalum dilatatum* | 60 | 60 | 60 | 60 | |
| 17 | Desmodium | *Desmodium intortum* | 94 | 92 | 70 | 70 | |
| | | *Desmodium uncinatum* | 94 | 92 | 70 | 70 | |
| 18 | Siratro | *Macroptilium atropurpureum* | 97 | 97 | 70 | 97 | |
| 19 | Winter vetch | *Vicia sativa* | 98 | 98 | 70 | 70 | |
| | | *Vicia dasycarpa* | 98 | 98 | 70 | 70 | |
| | | *Vicia benghalensis* | 98 | 98 | 70 | 70 | |
| 20 | Joint vetch | *Aeschynomene americana* | 95 | 93 | 50 | 50 | |
| 21 | Kudzu | *Pueraria thunbergiana* | 98 | 98 | 75 | *75* | |
| 22 | Lab lab | *Lab lab purpureus* | 98 | 98 | 75 | 75 | |

* Proposed Purity % and Germination % certified Seed.

TL : Truthful Label of Forage seed CS: Certified Seed

## अनुसूचि ८

## नेपालमा प्रचलित मुख्य मुख्य घासेबालीहरू

| घासका प्रकार | घासका जातहरू |
|---|---|
| बर्षे घास | टियोसेन्टी, ज्वार, बाज्रा, जुनेलो, सुडान |
| हिउदे घास | जै, बर्षिम, भेच, लुसर्न |
| बहुबर्षिय घास | स्टाईलो, मोलासेस, ज्वाईन्ट भेच, ह्वाईट क्लोभर, राईग्रास, कक्सफुट, टलफेस्कु पास्पालम, (बीउबाट प्रसारण गरीने) |
| | मुलाटो, नेपियर, पास्पालम, अम्रिसो, सेटेरिया, ग्वाटेमाला (कटिङ/स्लीप/गानो बाट प्रसारण गरीने) |
| डालेघास | ईपिलइपिल, किम्बु, बडहर, टाकी, कोईरालो, निमारो, राईखन्यु, |
| स्थानीय घास | कोते, बन्सो, फुर्चा, ढिम्ची, ढुस आदी |

स्पष्टीकरण: यस कार्यविधिको प्रयोजनकोलागि बीउ भन्नाले कटिङ वा स्लीप वा गानो वा बिरूवा लाई समेत जनाउने छ ।

अनुसूची ९

## घांसको बीउ खरिद गर्ने संझौता पत्र

जिल्ला ........ गा.वि.स.न.पा. ........ खडा.नं. ........ बस्ने श्री ....... का छोरा र छोरी वर्ष .......... का श्रीश्रीमती ................. संग हाम्रो.............................. केन्द्र समितिसंस्थाले तपसिल बमोजिमका शर्तहरूको पालन गर्ने गरी निम्न घांसको बीउ दिने लिने गरी जिल्ला पशु सेवा कार्यालय....... ........... को प्रतिनिधिको रोहबरमा आज मिति ............ मा सम्झौता गरियो ।

| क्र. सं. | घांसेवालीको नाम | जात | परिमाण | प्रति किलो मुल्य (रू.) | जम्मा मुल्य (रू.) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| | जम्मा | | | | |

दुबै पक्षले पालना गर्नु पर्ने शर्तहरू

१. कृषकले बीउ ल्याउनु पर्ने स्थान र संघ संस्था समितिले उठाउनु पर्ने स्थानको नाम ..............
२. साल ........ महिना ........ गते ........ भित्र कृषकले बीउ ल्याउनु पर्ने छ ।
३. बीउ सफा, राम्रो र ग्रेडिङ गरेको हुनु पर्छ ।
४. विउको उमार शक्ति कम्तिमा ..... प्रतिशत र जलाम्श .......... प्रतिशत भएको हुनु पर्नेछ ।
५. विउको भुक्तानी तोकिएको स्थानमा ल्याईसकेपछि तोकिएको दररेट अनुसार हुन आउने रकमको ७० प्रतिशत रकम खरिद कर्ताले तत्कालै भुक्तानी दिनु पर्नेछ र बांकीको हकमा प्रयोगशाला परिक्षणबाट शर्त नं. ४ अनुसार पुरा भए पछि भुक्तानी दिइने छ ।
६. संझौता अनुसार तोकिएको समय र ठाउंमा घांसको बीउ कृषकले अनिवार्य रूपमा ल्याउनु पर्नेछ र नल्याएमा संझौतामा तोकिएको बीउको मुल्य ५०% रकम नगदै कृषकले केन्द्रसंघसंस्थासमिति लाई हर्जाना स्वरूप बुझाउनु पर्नेछ । त्यस्तै गरी केन्द्रसंघसंस्थासमितिले संझौता अनुसार बीउ अनिवार्य रूपमा तोकिएको समय र स्थावाट उठाउनु पर्नेछ । बीउ नउठाएमा संझौतामा तोकिएको बीउको मूल्यको ५० प्रतिशत रकम हर्जाना स्वरूप केन्द्रसंघसंस्थासमितिले अनुवार्य रूपमा कृषकलाई बुझाउनु पर्नेछ । अन्यथा हुन गएमा यस संझौता पत्रको आधारमा प्रचलित कानून बमोजिम दुबै पक्षवाट रकम असुल उपर गरिने छ ।
७. संझौता अनुरूप नभएको अवस्था सम्बन्धीत गा.वि.स.वडा समिति प्रतिनिधिरोहवर प्रतिनिधि र बीउ लिने दिने दुबै पक्षको उपस्थितिमा व्यहोरा मुचुल्का उठाउन सकिने छ र विपक्षबाट प्रतिनिधि उपस्थित नभएमा पनि मुचुल्का उठाउन वाधा पर्ने छैन ।
८. कुनै प्रकारको अनाविष्टि वाढी पहिरो हुरी बतास, अतिवृष्टि आदि, जस्ता दैबी प्रकोपका कारण बाट तोकिएको समय र परिमाणमा विउ उत्पादन गर्न नसक्ने अवस्थाको श्रृजना हुन गएमा तत्काले सम्बन्धित गा.वि.स. र जिल्ला पशु सेवा, कार्यालयलाई सोको जानकारी लिखित रूपमा दिनु पर्ने छ ।

<u>कृषक प्रतिनिधिको</u>
सहि :
नाम :
ठेगाना :

<u>केन्द्रसंघसंस्थासमितिको प्रतिनिधिको</u>
सहि :
नाम :
ठेगाना :

रोहबर : जिल्ला पशु सेवा कार्यालय....को तर्फबाट सहि :

नाम : पद : ठेगाना:

नोटः यस प्रकारको संझौता बीउ उत्पादक कृषक बाहेक घांसको बीउ उत्पादन गर्ने कृषक समूह□संघ□संस्था□समितिसंग पनि गर्न सकिनेछ ।

अनुसूची १०

## चरन तथा घासेवाली उत्पादन बार्षिक कार्य तालिका

# चरन तथा घाँसे वाली उत्पादन वार्षिक कार्य तालिका

| क्र.स. | घाँसको नाम | भौगोलिक क्षेत्र | वीउ छर्ने समय | वीउको मात्रा के.जी./हे. | मलको मात्रा के.जी./हे. | जातहरु | घाँस काट्न सकिने अवधि | हरियो घाँस उत्पादन मे.टन/हे. | वीउ उत्पादन मे.टन/हे. |
|---|---|---|---|---|---|---|---|---|---|
| क. | हिंउदे घाँस | | | | | | | | |
| १. | जै | तराई/मध्य पहाड | कार्तिक-मार्ग | १००-१२० | ८०-१२०:३०:३० | केन्ट, ताइको,नेत्र, कामधेनु, अमुरी,काराभिले, करिश्मा, स्वान | पौष-चैत्र | २५-५० | १.५-३.० |
| | | उच्च पहाड | कार्तिक-मार्ग | १००-१२० | ६०:३०:३० | आमोही, केन्ट, स्वान | फागुन-आषाढ | २५-४५ | १.५-२.५ |
| २. | वरसिम | तराई | कार्तिक-मार्ग | २०-२५ | २५:६०:३० | मसकावी वरदान, बि.एल. २२, युपिवि १०३ | पौष-चैत्र | ७०-८० | ०.५०-०.७५ |
| | | मध्य पहाड | कार्तिक-मार्ग | २०-२५ | २५:६०:३० | मसकावी, बरदान, वि.एल. २२ युपीवि १०३ | पौष-बैशाख | ७०-८० | |
| ३. | भेच | तराई/मध्य पहाड | असोज-मार्ग | ३५-४० | २५:६०:२५ | ज्वाईन्ट भेच | पौष-चैत्र | ६०-७० | १.०-१.५ |
| ४. | बोडी (काउपी) | तराई/मध्य पहाड | असोज-मार्ग | २०-२५ | २५:६०:२५ | मेरिङ्ग, ईबोनी, रेड क्यालुना | पौष-चैत्र | ३-५ | १००-४०० |
| ख. | बर्षे घाँस | | | | | | | | |
| १. | टियोसेन्टी | तराई/मध्य पहाड | फागुन-आषाढ | ३५-४० | ८०:४०:३० | | आषाढ-आश्विन | ६०-८० | १.०-१.५ |
| २. | जुनेलो | तराई/मध्य पहाड | चैत्र-आषाढ | २५-३० | ६०:४०:३० | बिडिया १, एसएल-४४, जे.एस.६३/५३ | आषाढ-आश्विन | २५-५० | ०.५-०.६ |
| ३. | सुडान | तराई/मध्य पहाड | चैत्र-आषाढ | १०-१५ | ८०:५०:३० | एस.एस.जी. २९-३, पिपर | आषाढ-आश्विन | ५०-८० | १.०-१.५ |
| ४. | बाजरा | तराई/मध्य पहाड | चैत्र-आषाढ | १०-१२ | ६०:३०:३० | जाइन्ट, रजका | आषाढ-आश्विन | ५०-६० | ०.५-०.६ |
| ५. | मकै | तराइ/मध्य पहाड | फागुन-आषाढ | ४०-५० | ८०:६०:४० | रामपुर, कम्पोजिट, हाइब्रिड मकै, अफ्रिकन ज्यायन्ट | वैशाख-भाद्र | ५०-८० | ३.५-४.० |
| ६. | दिनानाथ | तराइ/मध्य पहाड | बैशाख-आषाढ | १०-१२ | ६०:३०:३० | इगरफी २८०८-४-२-१, ४-३-१, वुन्डेल १ र २ | आषाढ-असोज | ८०-१०० | ०.१-०.२ |
| ग. | वहु वर्षिय घाँस | | | | | | | | |
| १. | नेपियर | तराइ/मध्य पहाड | फागुन-चैत्र, जेष्ठ-आषाढ, असोज-कार्तिक | १०,००० सेट्स | ८०:५०:४० | एन.वी. २१, गजराज, पुसा जायन्ट, मोठ, सी.ओ.-३, सी.ओ.-४ | जेष्ठ-मार्ग | १२०-१५० | |
| २. | पासपालम | मध्य पहाड | जेष्ठ-आषाढ | ८-१० के.जि. | ८०:६०:४० | वीन | फागुन-कार्तिक | २०-४० | ०.५-०.६ |
| ३. | मुलाटो | तराई/मध्य पहाड | जेष्ठ-आषाढ | ४-६ | ६०:४०:३० | _ | भाद्र-माघ | ८०-२०० | ०.१-०.१५ |
| ४. | पारा घाँस | तराई/वेशी | आषाढ-श्रावण | १०-१५ के.जि. १०,००० सेट्स | ६०:१००:४०:३० | | बैशाख-मार्ग | ३०-६० | ०.०५-०.१ |
| ५. | सेटेरीया | तराई/मध्य पहाड | बैशाख-आषाढ | ८-१० | ६०:४०:३० | नन्दी, कजनगुला, नारोक सोलकर | जेष्ठ-कार्तिक | ३०-८० | ०.१०० |
| ६. | क्लोभर | म.पहाड/उ.पहाड | जेष्ठ-आषाढ जेष्ठ-असोज | ३-५ | २५:६०:२५ | ल्याडिनो, हुआ, रिगल, टिलम्यान, अर्काडिपा | बैशाख-कार्तिक | १२-१५० | ०.३-०.४ |
| ७. | राईघाँस | म.पहाड/उ.पहाड | जेष्ठ-आषाढ जेष्ठ-असोज | १०-१२ | ६०:४०:२५ | वास्टीअन, लमोरा, पेरामो, रन्यूई, अलस्टार | बैशाख-कार्तिक | १०-१४ | ०.२-०.३ |
| ८. | कोते | म.पहाड/उ.पहाड | जेष्ठ-असोज | १२-१५ | २५:६०:२५ | स्थानीय | बैशाख-कार्तिक | ४०-५० | ०.८८ |
| ९. | कक्सफुट | म.पहाड/उ.पहाड | जेष्ठ-आषाढ जेष्ठ-असोज | १०-१२ | ६०:४०:२५ | - | आषाढ-कार्तिक बैशाख-कार्तिक | १०-१४ | ०.२-०.३ |
| १०. | डिसमोडियम | तराई/मध्य पहाड | जेष्ठ-आषाढ | २-३ | २५:६०:२९ | ग्रीनलिफ, सिल्भरलिफ | आषाढ-कार्तिक | ४०-५० | ०.५-०.६ |
| ११. | सिरेट्रो | तराई/मध्य पहाड | जेष्ठ-आषाढ | ३-५ | २५:६०:२५ | एट्रो | आषाढ-कार्तिक | ३५-४० | ०.१५-०.२ |
| १२. | सेन्ट्रो | तराई/मध्य पहाड | जेष्ठ-आषाढ | | २५:६०:३० | - | आषाढ-कार्तिक | ४०-५० | ०.२-०.३ |
| १३. | स्टाइलो | तराई/मध्य पहाड | जेष्ठ-आषाढ | ४-५ | २५:६०:३० | हमाटा,रक्याव्रा, कुक, हयुमिलिस, ग्रेसिलिस, निना | भाद्र-पौष | २५-३० | ०.१-१.०० |
| १४. | मोलासेस | तराई/मध्य पहाड | जेष्ठ-आषाढ | ४-५ | ६०:१००:४० | | भाद्र-पौष | ५०-६० | ०.१-०.२५. |

**प्रकाशकः राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र, हरिहरभवन ।**

फोन नं. ०१-५०१००५६, फ्याक्सः- ०१-५०१००६३, आ.व. २०६९/७०, प्रकाशन : १००० प्रति